# त्रिभुवन विश्वविद्यालय
# कानून संकाय, डीनको कार्यालय

मिति : २०७२/११/०९

विषय : नतिजा प्रकाशित गरिएको बारे ।

यस संकायद्वारा मिति २०७२ साल फाल्गुण ०१ गते सञ्चालित एलएल.एम. प्रवेश परीक्षामा सम्मिलित भएका परीक्षार्थीहरुको लिखित प्रवेश परीक्षाको नतिजाको आधारमा कोटा सहित त्रि.वि.को आंगिक क्याम्पस, नेपाल ल क्याम्पस, काठमाडौंको लागि २ वर्षे एलएल.एम. दिवा समूहको लागि ५० जना र ३ वर्षे विहानी समूहको लागि ३५ जना तथा त्रि.वि. को सम्वन्धन प्राप्त क्याम्पस नेशनल ल कलेज, पुल्चोकको लागि ५० जना गरी जम्मा १३५ सिटका लागि् मात्र योग्यताक्रम (Merit-List) मा रहेका निम्नानुसारका परीक्षार्थीहरुको नतिजा प्रकाशित गरिएको छ ।

१) योग्यताक्रम (Merit List) मा रहेका परीक्षार्थीहरुले आफूले अध्ययन गर्न चाहेको क्याम्पसमा अध्ययन गर्न चाहेको कार्यक्रममा सम्बन्धित क्याम्पसले भर्नाको लागि तोकेको मिति भित्र निवेदन दिनु पर्नेछ । सम्बन्धित क्याम्पसले भर्नाका लागि तोकेको मितिसम्म आवेदन दिने सम्पूर्ण आवेदकहरुको नामावली प्रकाशित गरी सोको जानकारी भर्ना अगाडि नै तत्काल कानुन संकाय, डीनको कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

२) सम्बन्धित क्याम्पसले भर्नाका लागि तोकेको मिति भित्र निवेदन दिएका र योग्यताक्रम (Merit List) मा रहेका विद्यार्थीहरुमध्ये दुई-वर्षे एल्एल्.एम. कार्यक्रममा ३६ स्थानमा खुला र निम्नलिखित वर्गका लागि छुट्याईएको १४ स्थान गरी जम्मा ५० स्थान तथा तीन वर्षे एल्एल्.एम.कार्यक्रमा २४ स्थानमा खुला र निम्नलिखित वर्गका लागि छुट्याईएको ११ स्थान गरी जम्मा ३५ स्थानमा मात्र भर्ना लिनुपर्नेछ । निम्नलिखित वर्गका लागि छुट्याईएको स्थानमा भर्ना लिंदा सम्वन्धित वर्गका परीक्षार्थीहरुको वीचको प्रतिस्पर्धाको आधारमा योग्यताक्रम अनुसार मात्र भर्ना लिनुपर्नेछ ।

| **दुई वर्षे एल्एल्.एम्.** | | **तीन-वर्षे एल्एल्.एम्.** | |
|---|---|---|---|
| क) विदेशी | ३ (तीन ) | क) विदेशी | २ (दुई) |
| ख)आदिवासी/जनजाति | ३ (तीन ) | ख)आदिवासी/जनजाति | २ (दुई) |
| ग) महिला | ३ (तीन ) | ग) महिला | २ (दुई) |
| घ) मधेशी | २ (दुई) | घ) मधेशी | २ (दुई) |
| ङ) दलित | १ (एक) | ङ) दलित | १ (एक) |
| च) अपाङ्गता भएका व्यक्ति | १ (एक) | च) अपाङ्गता भएका व्यक्ति | १ (एक) |
| छ) पिछडिएको क्षेत्र | १ (एक) | छ) पिछडिएको क्षेत्र | १ (एक) |
| **जम्मा** | **१४ (चौध)** | **जम्मा** | **११ (एघार)** |

**नोटः** आदिवासी/जनजातिका हकमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानद्वारा गरिएको वर्गीकरण अनुरुप टप टु बटमको आधारमा भर्ना लिनु पर्नेछ ।

३. तोकिएको मितिभित्र कुनै विद्यार्थी भर्ना नभई सिट खाली हुन आएमा योग्यताक्रममा रहेका विद्यार्थी मध्येबाट भर्ना लिनुपर्नेछ ।

४. भर्ना हुंदाका समयमा विद्यार्थीहरुले आफ्नो शैक्षिक योग्यताको सक्कल प्रमाणपत्र र त्रि.वि. भन्दा बाहिरका शिक्षण संस्थाबाट आएका विद्यार्थीहरुले त्रि.वि.बाट मान्यता प्राप्त भएको समकक्षता (Equivalence) प्रमाणपत्र समेत अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

५. भर्ना हुनका लागि पेश गरिएका प्रमाणपत्रहरु नक्कली भएको ठहरिएमा वा पेश गर्नुपर्ने प्रमाणपत्र पेश नभई भर्ना भएको पाइएमा त्यस्तो भर्ना स्वतः रद्द हुनेछ । यसरी खाली हुन आउने स्थानमा योग्यताक्रममा रहेका विद्यार्थीहरुमध्येबाट नै भर्ना लिनुपर्नेछ ।

६. विदेशी विद्यार्थीहरुको लागि छुट्याइएको सिटको हकमा क्याम्पसले भर्नाका लागि तोकेको पहिलो पटकको सूचनाको म्याद भित्र कुनै विदेशी विद्यार्थी भर्ना हुन नआएमा योग्यताक्रममा रहेका अन्य विद्यार्थीहरु मध्येबाट भर्ना लिनुपर्नेछ ।

७) सम्बन्धित क्याम्पसहरुले आफूले भर्ना गरेका सम्पूर्ण विद्यार्थीहरुको विवरण अन्तिम भर्ना गरेको मितिले १५ दिनभित्र डीनको कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

८) कुनै क्याम्पसले नियमानुसार भर्ना नगरेको कुराको उजुरी वा जानकारी डीन कार्यालयलाई प्राप्त हुन आएमा छानबीन गर्ने अधिकार डीन कार्यालयलाई हुनेछ । छानबिनबाट नियम विपरित भर्ना भए गरेको पुष्टि भएमा त्यस्तो भर्ना स्वतः रद्द हुनेछ । यसरी भर्ना रद्द भई रिक्त हुन आएको स्थानमा नियमानुसार भर्नाको लागि डीन कार्यालयले निर्देशन दिनेछ । भर्ना रद्द हुने विद्यार्थीले बुझाएको सम्पूर्ण शुल्क सम्बन्धित क्याम्पसले फिर्ता गर्नु पर्नेछ ।

९) यो सूचना www.fol.edu.np वा www.nlc.edu.np मा पनि हेर्न सकिनेछ ।

१०) यो नतिजा शिक्षा मन्त्रालयबाट वितरण गरिने छात्रवृत्तिका प्रयोजनका लागि समेत लागू हुनेछ ।

-------------------------

प्रा.डा. ताराप्रसाद सापकोटा
डीन